# निर्धक्क भएर नेपालमा लगानी गर्न गैरआवासीय नेपालीलाई आग्रह



**आर्थिक संवाददाता**
काठमाडौं, चैत १५

उपराष्ट्रपति रामसहायप्रसाद यादवले निर्धक्क भएर नेपालमा लगानी गर्न गैरआवासीय नेपालीहरूलाई आग्रह गरेका छन् । उपराष्ट्रपतिसँग गैरआवासीय नेपाली सङ्घका प्रतिनिधिले बुधबार गरेको भेटवार्तामा उनले लगानीका लागि मार्ग प्रशस्त गर्न आफू प्रतिबद्ध रहेको बताए ।

यस्तै विदेशमा आर्जन गरेको पुँजी र ज्ञान नेपालको प्राविधिक तथा व्यावसायिक ज्ञान, सीप विकासको क्षेत्रमा निर्धक्क भएर लगानी गर्न समेत उनले आह्वान गरेका थिए । सङ्घका कार्यकारी अध्यक्ष रविना थापा र अध्यक्ष कुल आचार्यको प्रतिनिधित्वमा गएको प्रतिनिधिमण्डलले उपराष्ट्रपति यादवसंग नागरिकताको निरन्तरता, विदेशमा रहेका नेपालीको सम्पत्तिको सुरक्षा, नेपालमा सहजै लगानीको वातावरण निर्माणलगायत विषयमा छलफल गरेको थियो । भेटमा सङ्घका कार्यकारी अध्यक्ष थापाले सङ्घले लामो समयदेखि नागरिकताको निरन्तरताको लागि आवाज उठाउँदै आएपनि सो विषय टुङ्गो नलागेको भन्दै त्यसका लागि सकारात्मक पहल गरिदिन उपराष्ट्रपतिको ध्यानाकर्षण गराएकी थिईन् । त्यस्तै सङ्घका अध्यक्ष आचार्यले सम्पत्तिको सुरक्षा सम्बन्धी कानूनलाई गैरआवासीय नेपालीमैत्री बनाउन र लगानीका लागि विद्यमान बाधा व्यवधान सुल्झाउनका लागि सकारात्मक पहल गरिदिन आग्रह गरेका थिए ।

अध्यक्ष आचार्यले पटक पटकको प्रयासबाट पनि नागरिकताको विषय नटुङ्गिनु दुखद् भएको भन्दै उक्त विषय सम्बोधनका लागि सबै निकायबाट पहल गर्नुपर्नेमा जोड दिए । यस्तै सङ्घका उपाध्यक्ष आर के शर्माले श्रमिकको योगदानलाई मुलुकले यथेचित सम्मान गर्न सक्नुपर्नेमा जोड दिँदै राज्यका सर्वोच्च निकायबाट पनि त्यसका लागि सकारात्मक रूपमा पहल हुनुपर्ने बताए । सङ्घका युवा संयोजक अब्दुल बासिदले गैरआवासीय नेपाली ऐनलगायत गैरआवासीय नेपालीसँग प्रत्यक्ष सरोकार राख्ने विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र त्यससम्बन्धी नियमावली तथा आदेशमा संशोधन गर्न र लगानी सम्बन्धमा विद्यमान न्युनतम मापदण्ड हटाउन सहयोग गर्न उपराष्ट्रपति समक्ष आग्रह गरे ।

यस्तै सङ्घका संस्थापक अध्यक्ष डा उपेन्द्र महतोले विश्वभर छरिएर बसेका गैरआवासीय नेपाली नेपाललाई छिट्टै समृद्ध बनाउने अभियानमा लागेको भन्दै उक्त अभियानमा सरकारसँगको सहकार्य र राज्यका सर्वोच्च निकायको समर्थन आवश्यक रहेको बताए । भेटमा आइसीसी उपाध्यक्ष दुर्गा उपाध्यक्ष, सचिव गोविन्दप्रसाद गौतम, पूर्वआइसीसी सदस्य राम बेलबासे, क्षेत्रीय संयोजक (मध्यपूर्व) मनोजकुमार श्रेष्ठ, भगिरथ योगीलगायत विभिन्न मुलुकका प्रतिनिधिहरू र सङ्घका प्रमुख कार्यकारी अधिकृत रवीकिरण अधिकारीको उपस्थिति रहेको थियो ।

## श्री भैरव माध्यमिक विद्यालय

झोता बझाङ्ग

मिति : २०७९/१२/१६

**विषय : सूचना संशोधन गरिएको सम्बन्धमा**

प्रस्तुत विषयमा यस माध्यमिक विद्यालयको मिति : २०७९/१२/१० गतेको प्रकाशित सूचनामा राजस्व दाखिला खाता नम्बर ०७६०१०४०२४०६६५ भएकोमा उक्त खाता नम्बर ०७५०१०४०२५०६६५ हुनुपर्ने भएकोले संशोधन गरिएको व्यहोरा जानकारी गरिन्छ ।

## मण्डला हेरिटेज इनको प्राराम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धमा राय सुझावको लागि सार्वजानिक सुचना

प्रथम पटक प्रकाशित मितिः २०७९/१२ /१६

बागमती प्रदेश, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिकामा मण्डला हेरिटेज इन प्रा.लि. द्धारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | मण्डला हेरिटेज प्रा.लि, काठमाडौं म. न.पा. वडा नं.२६, ठमेल, काठमाडौं, बागमती प्रदेश |
| प्रस्तावकको व्यहोरा | प्रस्तावः मण्डला हेरिटेज इन मूख्य विशेषता |
| प्रस्तावित आयोजना रहने जग्गाको कुल क्षेत्रफल | कूल ८६४.५१ वर्ग. मि . |
| प्रस्तावित आयोजना | काठमाडौं म. न.पा. वडा नं.२६ , ठमेल, मण्डला स्ट्रिट काठमाडौं, बागमती प्रदेश |
| कित्ता नं. | २३५३, २३५४ र २२०० |
| आयोजनाको उद्देश्य | होटल सञ्चालन गर्ने |
| जम्मा कोठा तथा बेड क्षमता | ४१ कोठामा ६३ बेड |
| प्रभाव पर्न सक्ने जिल्ला /न.पा | काठमाडौं म. न.पा. वडा नं.२६ , ठमेल, मण्डला स्ट्रिट काठमाडौं, बागमती प्रदेश |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने शिलशिलामा, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण सरंक्षण नियमावली, २०७७ नियम ७ उपनियम २ को प्रावधान अनुसार राय सुझाब सँकलन प्रायोजनको लागि यो सुचना प्रकाशित गरिएको छ । उक्त प्रस्ताव (होटल सञ्चालन) कार्यान्वयन गर्दा त्यस क्षेत्रको भौतिक, जैविक, रासायनिक, सामाजिक(आर्थिक एवं सांस्कृतिक वातावरण एवं अन्य क्षेत्रमा प्रभाव पर्ने वा पर्न सक्ने भए सो सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र निम्न ठेगनामा आइपुग्ने गरी लिखित राय सुझाव वा सरोकारहरु पठाउनु हुन सम्बन्धित स्थानिय सबै सरोकारवालाहरुलाई अनुरोध गर्दछौं ।

**राय सुझाव पठाउने ठेगाना :**

**प्रस्तावकः**
मण्डला हेरिटेज इन प्रा.लि,
काठमाडौं म.न.पा.वडा नं. २६,
ठमेल, काठमाडौं जिल्ला, बागमती,
इमेल:info@mandalaheritageinn.com
फोन नः ०१ ५९१९६११

**सम्बन्धित नगरपालिकाः**
काठमाडौं महानगरपालिका, काठमाडौं
जिल्ला बाग्मती प्रदेश,
फोन नंः ०१ ४२३१४८१
इमेलinfo@kathmandu.gov.np

**परामर्शदाताः**
जूनिपर इन्भाईरोमेण्टल एण्ड रिसर्च कन्सल्टेन्ट, काठमाडौं,
इमेलः info.jerc@gmail.com
फोन नंः ९८५११५८५१९

## Invitation For Bids

### Mallarani Rural Municipality

**Office the Rural Municipal Executive**
**Khalanga, Pyuthan**
**Lumbini province, Nepal**
**(Date of first publication 2079/12/16)**

1. Mallarani Rural Municipility invites bids from duly registered eligible national bidders for the folllowing works.

| Contract ID | Descriptions and location of work | Estimated Amount(Exclusive Vat, Ps item and contigencies) | Bid Document Fee(Nrs) | Bid Security Amount(Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| MRM/SQ/ 2079/080/010 | Invitation for Sealed Quotation for procurement of Fabricated Steel Parts for Trail Bridge of kalo khola of mallarani rural municipility, pyuthan | 6,91,505.4853 | 1000 | 20,000 | 45 days |
| MRM/SQ/ 2079/080/11 | Invitation for Sealed Quotation for procurement of Fabricated Steel Parts for Trail Bridge of katra khola of mallarani rural municipility, pyuthan | 7,96,508.65 | 1000 | 23,000 | 45 days |

2. **Information to deposit the cost of Bidding Document and Bid bond in bank.**

| Office name | Office of Mallarani Rural Municipality executive, Khalanga Pyuthan | Pre-bid meeting(SQ) | ……….. |
|---|---|---|---|
| Name of Bank | Nepal Bank Ltd. Khalanga , Pyuthan | Last date of purchased(SQ) | 28- 04-2023 12:00 |
| Rajaswa khata no. | 05203000001001000001(GA.1.1 Mallarani Aantarik Rajaswa Khata) | Last date of submission(SQ) | 28- 04-2023 12:00 |
| Deposit Account no. | 05203000003000000002 (Ga-3-0 Dharauti Khata) | Opening(SQ) | 28- 04-2023 13:00 |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2078), and Public Procurement Regulation 2064 (Twelfth Amendment-2078). Any amendments in tender notice shall be published in e-procurement section.
5. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.

**Chief Administrative Officer**

## Birtamode Municipality
## Office of Municipal Executive

**Birtamode, Jhapa**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of publication: 2079/12/16**

Birtamode Municipality invites electronic bids from Nepalese eligible bidders for the procurement of the following works under National Competitive Bidding (NCB) procedures:

| Contract Identification No. | Description | Estimate Amount (With Vat & PS) NRs | Bid Security NRs | Bid Valid period (days) | Cost of Bid Document NRs | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| BTMMUN/ WORKS/NCB-18/079/80 | Construction and Maintenance of Bolbam Mandi-Durga Complex-Newton School-Parichaya Marga Ring Road Works, Birtamode 1,5 | 79,46,764.66/- | NRs. 2,20,000/- | 90 | NRs. 3,000/- | On or before 12hrs. on 17th Baisakh, 2080 | At 17th Baisakh, 2080 on 14 hours. |

1. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Birtamode Municipality, Office of Municipal Executive or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
2. Bidding documents is available online only. Bidding documents can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp, interested bidders shall register in the e-GP system and deposits the cost of bidding documents in the following Bank.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank NIC Asia Bank, Birtamode, Jhapa
   Name of Office: Birtamode Municipality, Office of Municipal Excecutive, Birtamode, Jhapa
   Office Account no.:- Dharauti 246CA50018870005 (For the deposit of Bid Security Amount)
   Project Rajaswa Account No. :- 2462050028354002 (For the cost of Bid Document)
   Office Code No.:- 801011205
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp. on or before above stated date and time. All bids must be accompanied by a Bid Security as specified in notice counting from the day of bid opening and must be accompanied by the bid bond authorized from the recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity periods. Bids will be opened in the presence of Bidders' representatives who choose to attend in person at the Office of the Birtamode Municipality, Office of Municipal Excecutive, Birtamode, Jhapa, immediately after the submission deadline as stated on above table.
4. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the Birtamode Municipality Birtamode, Jhapa, Dharauti Account no: 246CA50018870005 Dharauti at NIC Asisa Bank, Birtamode, Jhapa branch and submit the receipt of the deposited amount of cash along with the bid.
5. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
6. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Other Related rules and regulation are as per Updated Public Procurement Act – 2063 and Public Procurement Regulation – 2064.
9. The Purchasers reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**